२०७८ को ऐन सङ्ख्याः २

# कटहरी गाउँपालिकाको विनियोजन ऐन, २०७८

गाउँ सभाबाट पारित मितिः २०७८\०३\२३

कटहरी गाउँपालिका

कटहरी, मोरङ

नेपाल २०७८



Scanned with CamScanner

# उद्देश्य र कारण

कटहरी गाउँपालिकामा अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त अनुदानको रकम, आन्तरिक आम्दानी तथा सञ्चित कोषमा रहेको रकमलाई गाउँकार्यपालिका तथा विषयगत कार्यालयहरुका साथै सम्पूर्ण विषय क्षेत्रमा न्यायोचित वितरण गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त अनुदानको रकम, राजस्व परिचालनबाट प्राप्त आय, राजस्व बाँडफाँडबाट प्राप्त रकमका साथै सञ्चित कोषमा रहेको रकमलाई कटहरी गाउँपालिकाका सबै वडा तथा क्षेत्रमा न्यायोचित ढंगले वितरण गरी समग्र कटहरी गाउँपालिकाको सन्तुलित विकासको माध्यमबाट कटहरीबासीको जीवनस्तरमा सुधार ल्याउने प्रयत्न गरिएको छ ।

मन्जिता कुमारी सरदार
उपाध्यक्ष,
कटहरी गाउँपालिका



Scanned with CamScanner

# कटहरी गाउँपालिकाको विनियोजन ऐन, २०७८

कटहरी गाउँपालिकाको आर्थिक बर्ष २०७८\०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः२०७८\०३\२३

**प्रस्तावनाः** कटहरी गाउँपालिकाको आर्थिक बर्ष २०७८\०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कटहरी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कटहरी गाउँपालिकाको विनियोजन ऐन, २०७८"रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७८\०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७८\०७९ को निमित्त गाउँ कार्यपालिका, वडा कार्यालय विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५४ करोड ५७ लाख ३२ हजार ६ सय नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८\०७९ को निमित्त कटहरी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका,वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने



Scanned with CamScanner

शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत कटहरी भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।



Scanned with CamScanner

## अनुसूची–१
### (दफा २ सँग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम
### संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | शीर्षकको नाम | स्रोत | जम्मा |
|---|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | नेपाल सरकार | १३,६३,००,००० |
| २ | संघीय सशर्त अनुदान | नेपाल सरकार | १५,३३,००,००० |
| ३ | संघीय राजस्व बाँडफाँड | नेपाल सरकार | ७,७१,६४,००० |
| ४ | गत वर्षको मौज्दात | कटहरी गा.पा. | ९,५२,००,००० |
| ५ | आन्तरिक आम्दानी | कटहरी गा.पा. | १,७६,००,००० |
| ६ | प्रादेशिक समानिकरण अनुदान | प्रादेशिक सरकार | ७९,३५,००० |
| ७ | प्रदेश सशर्त अनुदान | प्रादेशिक सरकार | १८,७२,००० |
| ८ | प्रदेश राजस्व बाँडफाँड | प्रादेशिक सरकार | ४५,६१,६०० |
| ९ | प्रदेश समपूरक अनुदान | प्रादेशिक सरकार | १,००,००,००० |
| १० | संघीय विशेष अनुदान | नेपाल सरकार | ८४,००,००० |
| ११ | संघीय समपूरक अनुदान | नेपाल सरकार | १,३९,००,००० |
| १२ | घरजग्गा रजिस्ट्रेसन दस्तुर | नेपाल सरकार | १,५०,००,००० |
| १३ | जिल्ला समन्वय समितिबाट अनुदान | जि. स. स. मोरङ | ४५००००० |
| | | जम्मा | ५४,५७,३२,६००/- |

अध्यक्षबाट प्रमाणीकरण मितिः २०७८\०३\२३



Scanned with CamScanner